# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ६२ | बुटवल | २०८१ फागुन १३, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Feb. 25, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# बेथिति मौलाएपछि सहकारी संघहरूलाई बचत संकलनमा रोक लाग्न सक्ने

**लुम्बिनी संवाददाता**

*बुटवल*

बचत तथा ऋण सहकारीहरूको केन्द्रीय संघ नेफ्स्कुनमा आर्थिक अनियमितता लगायत बेथिति र विकृति बढ्दै गएको पाइएपछि नेपाल राष्ट्र बैंकले सहकारी संघहरूलाई बचत संकलनमै रोक लगाउने भएको छ।

विभिन्न विधाका सहकारी संघहरुले बचत संकलनको कारोबार गर्दै आएका छन्। वर्षौंदेखि त्यस्ता संघहरूले सहकारी संस्थाहरूको अर्बौं बचत संकलन गरिरहेका छन् । उनीहरुले नक्कली नाफा देखाउने, सफ्टवेयर खरिदमा अनियमितता गर्नेलगायत बेथिति गरेको देखिएपछि नेपाल राष्ट्र बैंकले कठोर नीति लिन लागेको हो।

राष्ट्र बैंकले हालै सुझावका लागि सार्वजनिक गरेको 'बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि जारी गरिएको निर्देशन तथा मापदण्ड' मा राष्ट्रिय, प्रदेश, तथा जिल्ला संघहरूलाई बचत संकलनमा रोक लगाउने प्रावधान प्रस्ताव गरिएको छ।

सहकारी ऐनको दफा ४, ५, ६, ७, ८, ९ र १० मा जिल्ला, प्रदेश सहकारी संघ, तीनै तहका विषयगत संघहरू र राष्ट्रिय सहकारी महासंघको व्यवस्था छ । यी कुनै पनि दफामा यस्ता संघ र महासंघहरूले बचत र ऋणको कारोबार गर्न पाउने उल्लेख छैन । यस्ता सबै संघहरू बचत तथा ऋण कारोबारका लागि मात्र नभई सहकारी संस्थाहरूको व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरणका लागि स्थापना हुने कानुनमा स्पष्ट रूपमा उल्लेख छ।

सहकारी ऐनको दफा ५४ को खण्ड 'ख' मा सहकारी बैंकलाई सदस्यबाट बचत स्वीकार गर्ने र भुक्तानी दिने व्यवस्था गरिएको छ। तर, संघहरूको कार्यक्षेत्रमा यस्तो प्रावधान छैन।

यस्तो अवस्थामा सहकारी संघहरूले कानुनविपरीत बचत तथा ऋणको कारोबार गर्दा प्रारम्भिक सहकारी संस्थाहरूले संकलन गरेको बचत जोखिममा परेको छ भने कतिपय अवस्थामा तरलताको गम्भीर संकट व्यहोर्नुपरेको छ।

राष्ट्र बैंकको निर्देशन तथा मापदण्डको परिच्छेद ४ मा तरल सम्पत्तिसम्बन्धी व्यवस्था गरिएको छ । सहकारी संस्थाले कुल बचत दायित्वको कम्तीमा १५ प्रतिशत तरल सम्पत्ति कायम गर्नु पर्ने व्यवस्था सो परिच्छेद्मा गरिएको छ। भल्टमा रहेको नगद मौज्दात, सरकारी ऋणपत्रमा गरेको लगानी, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेको चल्ती, कल र बचत निक्षेप, इजाजतपत्रप्राप्त सहकारी बैंकमा रहेको निक्षेप र नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्था र इजाजत पत्र प्राप्त सहकारी बैंकमा रहेको मुद्दती निक्षेपको ९० प्रतिशत रकमलाई सहकारी संस्थाहरूले तरलतामा गणना गर्न पाउँछन्।

सहकारी ऐन २०७४ को कुनै पनि दफामा विषयगत, जिल्ला, प्रदेश तथा केन्द्रीय संघहरूले बचत संकलन गर्न पाउने व्यवस्था छैन । सहकारी संघहरूले व्यवसाय विकास, प्रवर्द्धन र बजारीकरणको काम गर्ने कुरा सहकारी ऐनमा उल्लेख छ।




यद्यपि, सहकारी संस्थाहरूले अहिले नेफ्स्कुन, प्रदेश बचत तथा ऋण संघ (प्रोस्कुन), जिल्ला संघहरू, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघलगायतमा बचतको कारोबार गर्दै आएका छन् । नेपाल राष्ट्र बैंकले निर्देशन तथा मापदण्डले संघहरूलाई बचत संकलन गर्न पाउने निकायका रूपमा स्वीकार नै नगरेको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले बताए।

सहकारी विभागमा दर्ता भएकै आधारमा संघहरूले बचत स्वीकार गर्न नपाउने उनले बताए।

सहकारी संघहरूले बचत संकलन गर्ने परिकल्पना नै नगरेकाले निर्देशनमा तरलता गणना गर्दा संघमा राखेको बचतलाई समावेश गर्न नपाइने किसिमको निर्देशन ल्याउन लागेको हो।

केन्द्रीय, प्रदेश, जिल्ला संघहरूले बचत र ऋणको कारोबार गरिरहेको अवस्थाका बारेमा अब बन्ने प्राधिकरणले गम्भीर रूपमा हेर्नुपर्ने खाँचो छ । सहकारी संघमा रहेका व्यक्तिहरू कहिले सहकारी बोर्डमा छन्, कहिले विषयगत संघका छन्।

राष्ट्रिय सहकारी महासंघकी अध्यक्ष ओमदेवी मल्लले नेपाल राष्ट्र बैंकले भनेजस्तो संघहरूले बचत संकलन गर्न नपाउने विषय ठिकै भएको बताइन्।

कानुनले प्रारम्भिक संस्था र संघहरूलाई फरक-फरक भूमिका प्रदान गरेकाले उनीहरूले त्यसमा सीमित हुनुपर्ने मल्लको भनाइ छ।

एउटा प्रारम्भिक संस्थालाई जिल्ला संघ, प्रदेश संघ र केन्द्रीय संघ सबैले सदस्य बनाउने, अनि बचत संकलन गर्ने परम्परा गलत भएको मल्लको भनाइ छ।

अहिले पनि बहुउद्देश्यीय केन्द्रीय सहकारी संघले सदस्य संस्थाहरूको बचत फिर्ता नगर्दा प्रारम्भिक सहकारी संस्थाहरूले गम्भीर तरलता संकट भोग्नुपरेको छ । त्यस्तै, नेफ्स्कुनमा खराब ऋणबापत प्रोभिजनिङ गर्नुपर्ने रकम प्रोभिजनिङ नगरी नक्कली नाफा देखाएर लाभांश वितरण गरेको विषयमासमाचार सार्वजनिक भएका छन्। गत वर्ष पनि प्रोभिजनिङ गर्नुपर्ने साढे ५ अर्ब रुपैयाँ प्रोभिजनिङ नगरी नक्कली नाफा देखाएको नेफ्स्कुनले यो साल पनि पौने ४ अर्ब कम प्रोभिजनिङ नगरेको पाइएको छ।

बचत संकलन गर्न पाउने संस्थाले न्यूनतम पुँजीकोष कायम गर्नुपर्ने, कर्जाको गुणस्तर कायम गर्नुपर्नेलगायत मापदण्ड सहकारी ऐन तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा छ।

तर, सहकारी संघहरूले न त न्यूनतम पुँजी कोष पूरा गर्नुपर्ने पर्छ, न त कर्जाको गुणस्तर कमजोर हुँदा वा पुँजी कोष नपुगेमा कारबाहीको भागीदार नै हुनुपर्छ।

त्यस्तोमा उनीहरूले संकलन गरेको बचत सधैं संकटमा रहने यस क्षेत्रका जानकारहरू बताउँछन्।

नेफ्स्कुनका अध्यक्ष चन्द्रप्रसाद ढकाल भने संघहरूले आफ्नै विनियमअनुसार बचत संकलन गर्ने गरेको बताउँछन्।

नेपाल राष्ट्र बैंकको 'बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि जारी गरिएको निर्देशन तथा मापदण्ड'को मस्यौदामाथि आफूहरूलेसंघहरूले बचत संकलन गर्न पाउनुपर्छ भन्ने आफूहरूको भनाइ रहेको बताए।

# संविधानमाथि आक्रमण भइरहेको छ : प्रचण्ड



बुटवल। नेकपामा ओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले अहिलेको परिवर्तनमाथि प्रश्न उठाउन खोजिएको बताएका छन्।

सोमबार झापाको कचनकवलमा शुरु भएको जनतासँग माओवादी अभियानको उद्धाटन गर्दै अध्यक्ष दाहालले यस्तो बताएका हुन्। उनले अहिलेको परिवर्तनत त्यत्तिकै नआएको बताए।

उनले हजारौं वीर शहीदहरुको रगत र पसिनाबाट अहिलेको परिवर्तन सम्भव भएको बताए । माओवादीले ल्याएको अहिलेको परिवर्तनमाथि प्रश्न उठाउने गरिएको भन्दै आपत्ति जनाए।

उनले भने-'अहिलेको परिवर्तन त्यत्तिकै पाइएको होइन । तपाईं हाम्रा हजारौं वीर छोराछोरीहरुले रगतको मूल्य तिरेर मात्रै देश संघीय लोकतान्त्रिक गणतन्त्रमा गएको हो । यो संघीय लोकतान्त्रिक गणतन्त्रप्रति दलालहरुले तपाईं हामी जनतालाई माया गरेर हामीलाई दिएको परिवर्तन होइन । तपाईं हामीले रगत बगाएर त्याग, तपस्या गरेर वीरतार बलिदानका धेरै कीर्तिमानहरु कहिल्यै नमेटिने गरी तयार पारिएका बलमा मत्रै यो परिवर्तन सम्भव भएको हो । अहिले यो परिवर्तनमाथि प्रश्न उठाउन खोजिएको छ । अहिलेको संविधानमा एकथरी मान्छेहरुले त्यसको प्रशतावनादेखि अन्त्यसम्म माओवादीको छाप देख्छन्।'

अध्यक्ष दाहालले एकथरीले प्राप्त उपलब्धि खोस्न संविधानमाथि आक्रमण गर्ने गरेको बताए।

# एमालेबाट दुर्व्यवहार भए सरकार छाड्छौं : गगन



बुटवल । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले विधि र कानुनको शासनमा सम्झौता गर्नुपरे सरकार छाड्ने बताएका छन् । प्यूठान जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै आफ्नो दल एमालेसँगको सम्झौतामा इमान्दार रहे पनि तलदेखि माथिसम्म समान हैसियत हुनुपर्ने बताए। थापाले एमालेसँग सरकार चलाइरहँदा कुनै दुर्व्यवहार भएको खण्डमा सरकार छाड्ने बताएका छन्।

उनले एमालेसँग सहकार्यमा कांग्रेसको आफ्नै शर्त रहेको बताए।

उनले गत संघीय चुनावमा प्युठानमा कांग्रेसलाई गिलासमा भोट हाल्न लगाएर गल्ती गरेको भन्दै माफी मागे।

# एक्स्ट्राटेकमा पाँच वटा 'फ्लड लाइट' जडान

तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा-१७ स्थित एक्स्ट्राटेक ओभल क्रिकेट स्टेडियममा ५ वटा 'फ्लड लाइट' जडानको काम सकिएको छ। स्टेडियममा करिब ७ करोड खर्चेर ५ वटा फ्लड लाइट एक साता लगाएर जडान गरिएकोस्टेडियमका निर्देशक विनोद कुँवरले बताए । लाइट जडान सकिएसँगै अब रातिको समयमा पनि क्रिकेट खेल्न सकिने उनले बताए।

अब लाइट परीक्षणको काम सुरु हुने निर्देशक कुँवरले जानकारी दिए। यो मैदानमा गत वर्षको फागुनदेखि अहिलेसम्म एक सयभन्दा बढी खेल भइसकेका छन् । नेपालको १९ वर्ष मुनिको विश्वकप खेलेको महिला टोली र नेपाल प्रिमियर लिग खेलेको टिम लुम्बिनी लायन्सले यो मैदानमा अभ्यास गरेको थियो।

अस्ट्रेलियामा सूचना प्रविधिसम्बन्धी व्यवसाय गर्दै आएका गुल्मीको मदाने गाउँपालिका- ४ म्यालपोखरीका कुँवरको लगानीमा तिलोत्तमा नगरपालिका- १७ दरखसहवामा निर्माणाधीन एक्स्ट्राटेक ओभल क्रिकेट स्टेडियम निजी क्षेत्रबाट बनेको देशकै पहिलो व्यावसायिक मैदान हो।

नेट प्राक्टिसका लागि पनि पिच अन्तिम चरणमा रहेको स्टेडियमका निर्देशक सूर्य कुँवरले बताए । स्टेडियमको डीपीआरअनुसार अहिलेसम्म ५० प्रतिशतभन्दा धेरै काम भइसकेको छ। ५ वर्षभित्र पूरा गर्ने लक्ष्यसहित २०८० साल जेठ २९ गते शिलान्यास भएको मैदानमा तीब्र गतिमा काम भइरहेको स्टेडियमका निर्देशक विनोद कुँवरले बताए।

६० करोड रुपैयाँ लगानीमा निर्माणाधीन स्टेडियमको जग्गाका लागि मात्र ७ करोड खर्च भएको छ। मैदानका साथै भौतिक संरचना निर्माणको काम पनि भइरहेको उनले बताए । चार/चार तलाको २ वटा भवन (भीआइपी बक्स, प्लेयर बक्स, चेञ्जिङ रुम र मिडिया बक्ससहित) निर्माण भइरहेको छ। जसमा तेस्रो तलाको काम भइरहेको उनले बताए । २५ हजार दर्शक क्षमताको प्यारापिट समेत बन्नेछ।


» बाँकी ३ पेजमा


# बुटवलमा तेस्रो राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता हुँदै




**लुम्बिनी संवाददाता**

*बुटवल*

रुपन्देहीको बुटवलमा राष्ट्रियस्तरको ब्याडमिन्टन प्रतियोगिता आगामी चैत दोस्रो हप्ता हुने भएको छ। नेपाल ब्याडमिन्टन एशोसिएसनसँगको सहकार्यमा बुटवल ब्याडमिन्टन क्लबको आयोजनामा चैत ७ देखि ९ गतेसम्म तेस्रो राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता हुने भएको हो। प्रतियोगितामा ६ विधामा हुने प्रतिस्पर्धामा विजयी सबै खेलाडीले कूल ४ लाख २५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्।

नवदिलिप कभर्ड हल बुटवल र लुम्बिनी कवर्ड हलमा तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा विभिन्न ६ विधामा तीन सय बढी खेलाडीले प्रतिस्पर्धा गर्ने प्रतियोगिताका संयोजक शम्भु भट्टराईले जानकारी दिए । प्रतियोगितामा मेन्स सिंगल, वुमन्स सिंगल, मेन्स डबल्स, भेट्रान्स ४५ प्लस, भेट्रान्स ५५ प्लस तथा मास्टर भेट्रान्स ६० प्लस डबल्स गरी ६ विधामा प्रतिस्पर्धा हुने उनले बताए।

मेन्स सिंगलका प्रथम, द्वितीय र तृतीयलाई क्रमशः नगद ५० हजार, ३० हजार र २० हजार रुपैयाँ तथा वुमन्स सिंगलका प्रथम, द्वितीय, तृतीयलाई क्रमशः नगद ३० हजार, २० हजार र १० हजारले पुरस्कृत गरिने आयोजकले जनाएका छन्।

यसैगरी मेन्स डबल्समा प्रथम, द्वितीय र तृतीय टिमले क्रमशः नगद ५० हजार, ३० हजार र २० हजार रुपैयाँ, भेट्रान्स ४५ प्लस डबल्समा प्रथम, द्वितीय र तृतीयलाई क्रमशः ४० हजार, ३० हजार र २० हजार रुपैयाँ, भेट्रान्स ५५ प्लस डबल्समा प्रथम, द्वितीय र तृतीयलाई क्रमशः नगद २० हजार, १५ हजार र १० हजार तथा मास्टरतर्फ प्रथम, द्वितीय र तृतीयलाई क्रमशः १५ हजार, १० हजार र ५ हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने संयोजक भट्टराईले बताए।


» बाँकी ३ पेजमा





# यस कारण निर्वाचन प्रणालीमा सुधार



गोपीनाथ मैलानी

निर्वाचनलाई प्रविधि र पैसाले औधी प्रभाव पार्न थालेको छ। प्रतिनिधि छनोटको प्रक्रिया जति सरल, स्वतन्त्र र स्वच्छ भयो, त्यसैको सापेक्षतामा लोकतन्त्र संस्थागत हुन्छ। हरेक निर्णयमा नागरिक स्वयं उपस्थित हुन नसक्ने भएकाले प्रतिनिधि (वारेस)मार्फत् उपस्थित हुन प्रतिनिधि छनोटको व्यवस्था गरिएको हो। लोकतन्त्रमा प्रतिनिधित्वका चार महत्व रहन्छन्। पहिलो, यसले निश्चित अवधिका लागि जनइच्छा र सार्वभौम शक्तिलाई धारण गर्छ। दोस्रो, लोकतन्त्रमा राजनीतिक प्रतिनिधित्वमार्फत् नै शासनमाथि जननियन्त्रण कायम गरिन्छ। तेस्रो, प्रतिनिधिले नै शासन व्यवस्था संयोजन र सञ्चालन गर्छन् र चौथो, प्रतिनिधित्वको प्रक्रियाले राज्य क्रियाकलापमा वैधता र जनविश्वास स्थापित हुन्छ। यति महत्वपूर्ण निर्वाचन उपर्युक्त उभय पक्षबाट प्रभावित भएमा वास्तविक सम्प्रभू शक्तिको धारण र प्रयोग जनहितमा हुन सक्दैन।

प्रतिनिधित्व प्रक्रियामा पनि चार पक्ष रहन्छन्। प्रतिनिधित्व गर्ने पक्ष (प्रतिनिधि), प्रतिनिधित्व हुने पक्ष (निर्वाचक), प्रतिनिधित्व हुने कुरा (जनभावना) र प्रतिनिधित्व हुने अवस्था (नीति, कार्यक्रम, छलफल र बहस)। प्रतिनिधित्व गर्नेहरू प्रतिनिधित्व हुने पक्षका 'ट्रस्टी' हुन्। ट्रस्टी स्वच्छ, सामर्थ्यवान् र क्रियाशील भएपछि मात्र निर्वाचकका भावना (प्रतिनिधित्व हुने विषय वा आवश्यकता, प्राथिमकता र चाहना)प्रति इमानदार रहन सक्छन्। मत सर्तरहित अधिकार नभई सर्तबन्धित ट्रस्ट हो। त्यसकारण मत पाउनेले मतमार्फत पाएको जनादेश दुरुपयोग होला कि भनेर सचेत र सावधान रहनुपर्छ। प्रतिनिधिले प्रतिनिधित्व हुने वर्गका विश्वास संस्था परिवेश र अभियानमा परिचालित हुनुपर्छ। त्यसो नहुँदा लोकतन्त्र औपचारिक हुन्छ, वास्तविक हुँदैन। जसरी अहिले देखिएको छ।

नेपालको निर्वाचन पद्धति बढी मत ल्याउने विजयी हुने र समानुपातिक प्रणालीको मिश्रित स्वरूपमा छ। कोही नछुटून् र सबैको भावनाले शासकीय पद्धतिमा उन्नयन हुन पाऊन् भनेर मिश्रित विधि अपनाइएको हो। तर, कानुनी प्रावधानको छिद्रको दुरुपयोगका कारण वा प्रक्रियालाई पैसा र प्रविधिले प्रभाव पारेर हो, निर्वाचकले सही प्रतिनिधि छान्न पाएका छैनन् भने निर्वाचितहरू निर्वाचकप्रति निष्ठावान् र इमानदार छैनन्। राजनीतिक संस्कार बसाउन र प्रतिनिधित्वमार्फत लोकतन्त्रलाई आमजनतामाझ पुर्‍याउन ससाना पक्षमा सुधार आवश्यक देखिएका छन्।

सबैभन्दा पहिले समावेशी समानुपातिक प्रतिनिधित्वका लागि संविधानले उल्लेख गरेका १३ क्लस्टरको व्याख्या गर्नु जरुरी छ। यसको आधार समावेशी, अल्पसंख्यक तथा यौनिक अल्पसंख्यक समूहको खण्डीकृत तथ्यांक व्यवस्थापन हो, अनि मात्र वास्तविक समूहको प्रतिनिधित्व सहज हुन्छ। राजनीतिक दलभित्र समावेशिता र लोकतन्त्रलाई अभ्यासमा ल्याउन सकिए मात्र त्यसको प्रभाव समग्र प्रतिनिधित्वमा पर्न सक्छ।

यसका लागि संविधानको धारा २६९ अनुसार सामाजिक विविधता देखिने गरी दलभित्रका कार्यकारी संरचनामा पदाधिकारी निर्वाचित हुने व्यवस्था अनिवार्य गर्नुपर्छ। दलभित्र अर्थपूर्ण सहभागिता नभए विधि र नेतृत्वबिच द्वन्द्व भई नेतृत्वले विधिलाई अधीनस्थ गर्दा लोकतन्त्र देखावटी नै भइरहनेछ। साथै, दलभित्रको निर्वाचन संवैधानिक शक्ति भएको निर्वाचन आयोगले गर्दा मात्र सही व्यक्ति छानिन सक्छन्। राजनीतिक दलको चुनावलाई संघ संस्थाको जस्तो गरी सामान्य रूपमा हेरिनु नै हुँदैन।

दलभित्र आग्रह वा अन्य पक्षका प्रभावले अनुपयुक्त व्यक्ति छानिइरहँदा एकातिर लोकतन्त्रले वैधता गुमाउने र अर्कातर्फ प्रणाली नवीकरण नहुने खतरा रहिरहन्छ। लोकतन्त्रमा व्यक्ति सधैं परिक्षित भइरहनुपर्छ। ऊ जहिल्यै प्रश्नमा रहिरहनुपर्छ। त्यसोभएमा मात्र सुधार र गतिशीलता रहन्छ। प्रश्न र परीक्षण कमजोर हुँदाका निर्वाचितहरू कसरी विधिलाई अधीनस्थ गरेर निर्वाचित तानाशाह बन्छन् भन्ने तथ्य फुजिमोरीकालीन पेरु, चाभेजकालीन भेनेजुएला, राजापाक्षेकालीन श्रीलंका मात्र होइन, पछिल्ला दिनमा विकास भएको घटनाक्रमले ठुला प्रजातन्त्रका धरोहर मानिएका भारत तथा अमेरिकाले समेत देखाएका छन्। शक्ति उन्मादले लोकतन्त्रलाई 'सबभर्टिङ' गर्छ, संवर्द्धन होइन।

जिब्लान्ट र लेभित्स्कीले लोकतन्त्र कसरी मासिन्छ भन्ने ऐतिहासिक तथ्यको विश्लेषणमार्फत् निर्वाचित पदाधिकारीले लोकतन्त्र मास्न चार रणनीति लिने निष्कर्ष निकालेका छन्। पहिलो, लोकतान्त्रिक मूल्य मान्यतालाई बिस्तारै पाखा लगाउँछन्। दोस्रो, प्रतिपक्षको उपस्थितिलाई अस्वीकार गर्छन्। तेस्रो, हिंसा-दमनलाई दुरुत्साहन गर्छन् र चौथो, नागरिक अधिकार र प्रेसप्रति असहिष्णु बन्छन्। हो, अधिनायकवादी शासकहरूले लोकतान्त्रिक संस्थालाई कमजोर बनाउँछन्, सरकारलाई निष्पक्ष निगरानी गर्ने संस्थालाई कानुन र शक्ति देखाएर हतियारीकरण (विपनाइजिङ) गर्छन्।

निर्वाचनले वैधता पुष्टि गर्न सक्नुपर्छ। कानुनी कार्यविधि वैधताको सम्पूर्ण होइन, सहभागिता र विश्वासचाहिँ हो। वालिग नागरिक जति बढी मतदान प्रक्रियामा सहभागी बन्न पाउँछन्, त्यसैको सापेक्षतामा निर्वाचित संस्थाले वैधता पाउँछ। औपचारिक आँकडामा ६० लाख नेपाली कामका सिलसिलामा मुलुकबाहिर छन्। कुनै अनुमति र आँकडाको प्रक्रियामा नसमटिएका करिब २० लाखजति नेपाली भारतमा व्यवसाय, रोजगारीमा छन्। करिब ८० लाख वालिग नागरिकले आफ्ना प्रतिनिधि छान्न नपाउँदा प्रतिनिधित्वले पाउनुपर्ने जति वैधता पाउँदैन। जुन व्यक्ति जहाँ रहे पनि मतदानबाट वञ्चित हुनुहुन्न भन्ने विस्तृत लोकतन्त्रको मान्यता हो। भूगोलको नेपालभन्दा भर्चुअल नेपाल विस्तार भइरहेको सन्दर्भमा सबै नेपालीको भावना मतप्रणालीमार्फत समेट्नु राज्यको दायित्व पनि हो।

विकसित प्रविधिले यसलाई निकै सम्भव पनि बनाएको छ। विभिन्न मुलुकले 'आउट अफ कन्ट्री भोटिङ' (ओसिभी)का विभिन्न विधि अवलम्बन गरेका छन्। ई-भोटिङ, आई-भोटिङ, पोस्टल भोटिङ, प्रिभोटिङ, मोबाइल भोटिङजस्ता विधि लोकप्रिय बनेका छन्। न्युजिल्यान्डले सन् १८९० देखि र अस्ट्रेलियाले सन् १९०२ देखि देशबाहिर रहेका नागरिकलाई मतदानमा समेटका छन्। विकसित मात्र होइन, अल्पविकसित मुलुकहरू रुवान्डा, इन्डोनेसिया र फिलिपिन्सले समेत विद्युतीय विधिलाई उपयोग गरी देशबाहिर रहेका नागरिकलाई मतदानमा सहभागी गराउँदै आएका छन्। ११५ भन्दा बढी मुलुकले अभ्यासमा ल्याएको यस विधिलाई नेपालले पनि अभ्यास गर्नुपर्ने माग सर्वत्र छ।

देशहरूले अपनाएको प्रक्रियामा एकरुपता छैन। आफ्नो क्षमता, आवश्यकता, मतदाताको चाख र सम्भावनाका आधारमा नेपालले पनि यसलाई अभ्यासमा ल्याउनु अवश्यक छ। नेपालका लागि मोबाइल भोटिङ विधि उपयुक्त हुन सक्छ। यो सुरक्षा चुनौतीका कारण तयारीसाथ उच्च सावधानी चाहिने विषय भएकाले भोटर आइडीलाई पासपोर्टमा समावेश गरी मोबाइलमार्फत निर्वाचन आयोगमा ओटिपी पासवर्ड उपयोगमार्फत् अभ्यासमा ल्याउनु उचित हुन्छ। स्वेशभित्रको मतदानमा पनि इभिएम, अप्टिकल स्क्यानर, इआरईलगायत विधिमार्फत निर्वाचनलाई छरितो र वैयक्तिक प्रभावमुक्त पार्नुपर्छ। निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी, प्रचारक र पर्यवेक्षक पनि आग्रहमा रहने सम्भावनालाई सकेजति घटाउनु सुधारको लक्ष्य हुनुपर्छ।

निर्वाचनमा मुद्राको प्रयोगले सदाचारी व्यक्तिहरू उम्मेदवारको प्रक्रिया र पहुँचबाट बाहिर पुगेका छन्। विपन्न र वञ्चितीमा परेकाहरू उम्मेदवार बन्नै सक्दैनन्। महिला, दलित र अल्पसंख्यकहरूले चुनावी मैदानमा प्रस्पिर्धा गर्न सकिरहेका छैनन्। व्यवसायी, व्यापारी, उद्योगपतिको दलभित्र पकड बढ्दै गएको छ। यसले सर्वसाधारणका कार्यसूचीबाट निर्वाचनलाई अलग्याउँदै लगेको छ। लोकतन्त्र र निर्वाचन प्रभुत्वशालीका मात्र हो भन्ने सन्देश गएको छ। निर्वाचनमा हुने गरेको अत्यासलाग्दो खर्चले अर्थतन्त्रलाई महँगो, अनुत्पादक अनि उत्ताउलो पनि बनाएको छ। यसर्थ, राजनीतिक दललाई निश्चित आधारमा सार्वजनिक कोष उपलब्ध गराउने वा सो नसकेमा यिनीहरूले लिने चन्दालाई औपचारिक दायरामा (चेक वा इएफटीलगायत फिन्टेकमार्फत्) ल्याई यिनले गरेको खर्च निगरानीमा राख्नुपर्छ।

पैसाले निर्वाचनलाई परास्त गर्‍यो भने लोकतन्त्रको आत्मा रहँदैन। तोकिएको आर्थिक विधि नअपनाउने र बढी खर्च गर्ने व्यक्तिको चुनाव रद्द गर्ने हैसियत निर्वाचन आयोगमा रहनुपर्छ। निर्वाचन अभियानमा दुर्वाच्य प्रयोग, गलत सूचना प्रवाह र वैयक्तिक वा सामूहिक पहिचानमा आघात पर्ने गरी जुनसुकै माध्यमबाट विचार प्रकट गर्न नपाइने कठोर आचारसंहिता चाहिन्छ। अर्को महत्वपूर्ण विषय यो पनि हो कि मतपत्रमा उम्मेदवार भएका व्यक्ति कसैलाई पनि मत दिन्नँ (नोटा) भन्न पाउने विषय समावेश पनि गरिनुपर्छ। यसप्रकारको व्यवस्थाले उम्मेदवार नैतिक रूपमा जवाफदेही बन्ने आधार सिर्जना हुन्छ।

के भुल्नुहुन्न भने राजनीतिक दलहरू स्वच्छ र पारदर्शी भएमा नै उनीहरूले निर्माण गर्ने नीति र अभ्यास गर्ने स्रोत तथा शक्तिमा स्वच्छता रहन्छ अनि मात्र यसको लहरे असर राज्यव्यस्थाका अन्य पक्षमा समेत पर्छ। राजनीति स्वच्छ भएपछि मात्र उनीहरू अरूलाई स्वच्छ र सदाचारी बन्न आदेश-निर्देश गर्ने नैतिक सामर्थ्यमा रहन्छन्। यसको केन्द्रविन्दुमा निर्वाचन प्रणाली रहन्छ। त्यसैले, यसमा समयसापेक्ष सुधार आवश्यक छ।

नयाँ पत्रिकाबाट

## सम्पादकीय

# दुग्धजन्य वस्तुको आयात रोक

दुई वर्षअघि कृषि मन्त्रालयले आन्तरिक उत्पादनको बजार प्रवर्द्धन गर्न दुग्धजन्य वस्तु आयातमा रोक लगाएको थियो। तर भारतलगायत विभिन्न मुलुकबाट यो अवधिमा दुग्धजन्य वस्तु आयात भइरहेको भन्सार विभागको तथ्याङ्क छ। आन्तरिक उत्पादनले बजार नपाउने, तर अन्य मुलुकको उत्पादनले बजार लिँदा नेपालमा दुग्ध व्यवसाय झनै जोखिममा परेको छ।

कृषि मन्त्रालयले आयातमा रोक लगाएपछिको अवधिमा समेत ३६८ मेट्रिक टन दुग्धजन्य पदार्थ आयात भएको भन्सार विभागको तथ्याङ्क छ। ती सामग्री १७ करोड ६५ लाख रुपैयाँ मूल्य बराबरको रहेको विभागले जनाएको छ। दुग्ध विकास संस्थानसहित अन्य डेरी उद्योगले किसानबाट खरिद गरेको दूधको भुक्तानी दिन सकिरहेका छैनन्। सरकारले दुग्ध विकास संस्थानलाई सोधभर्ना गर्ने गरी किसानलाई दूधको भुक्तानी दिन पैसा उपलब्ध गराए पनि निजी डेरीले भुक्तानी नदिँदा दुग्ध उत्पादक किसान मर्कामा परेका छन्। दुग्ध विकास संस्थानले उत्पादन गरेको घ्यूलगायत दुग्ध उत्पादन बिक्री हुन सकिरहेको छैन। एकातिर आन्तरिक उत्पादनको बजार प्रवर्द्धन हुन नसकिरहेको बेला आयात रोक्ने निर्णय कार्यान्वयन नहुनु किसानमाथिको खेलाँची हो।

निर्णय गर्ने, तर कार्यान्वयन नगर्ने सरकारी रवैयाले सरकारप्रति नागरिकको भरोसा र विश्वास टुट्दै जाने जोखिम बढ्छ। कृषि मन्त्रालयले गरेको निर्णय अर्थ हुँदै भन्सार विभाग पुग्नु पर्दथ्यो। त्यो निर्णय कार्यान्वयन गर्न अन्तरमन्त्रालय सहकार्य र समन्वय आवश्यक हुनुपर्दथ्यो। सरकारी निकायबिचको समन्वयको अभावले पनि कतिपय निर्णय अलपत्र पर्ने गरेका छन्।

मनपरी आयातले आन्तरिक उत्पादनको बजार जोखिममा परिहेको विषय संवेदनशील हो। आन्तरिक बजारलाई आफ्नै उत्पादनले भरथेग गर्न सकिन्छ भनेसकेसम्म आयात रोक्नु अपरिहार्य छ। आयात रोक्न सक्दा मात्रै आन्तरिक उत्पादनले बजार पाउने हो। दुग्धजन्य उत्पादनको बजार विस्तार गर्न दुई वर्षअघि भएको आयात रोक्ने निर्णय कार्यान्वयन गर्नुपर्छ। दुग्धजन्य उत्पादनमा आत्मनिर्भर हुँदै गएको बेला आयात पूर्णत रोक्नु आवश्यक छ।

# नेप्से परिसूचकमा सामान्य अंकको सुधार



काठमाडौँ। साताको दोस्रो कारोबारको दिन सोमबार पनि नेप्से परिसूचक परिसूचकमा सामान्य सुधार भएको छ। पछिल्लो ५ दिनदेखि लगातार रूपमा बढेको नेप्से परिसूचक छैटौँ दिन पनि सामान्य अंकले वृद्धि भएको हो।

आइतबार ११.६६ अंकले बढेको नेप्से सोमबार ३.३५ अंक बढेर २७५८.७५ विन्दुमा पुगेको छ। त्यस्तै, सेन्सेटिभ इन्डेक्स ०.६० अंकले बढेको छ भने फ्लोट इन्डेक्स ०.०८ अंक र सेन्सेटिभ फ्लोट इन्डेक्स भने स्थिर रहेको छ।

सोमबार कारोबारमा आएका ३१० कम्पनीको २ करोड ११ लाख १० हजार कित्ता शेयर ११ अर्ब ८ करोड ५४ लाख रुपैयाँ बराबरको खरिदबिक्री भएको छ। आइतबारको तुलनामा कारोबार रकम हुने थोरै घटेको छ। आइतबार ११ अर्ब ५४ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो।

नेप्सेका १३ उपसमूहमध्ये चार उपसमूहको परिसूचक बढेको छ भने ९ उपसमूहको परिसूचकमा गिरावट आएको छ। जसमा बैंकिङ, लगानी, प्रशोधन र अन्य उपसमूहको परिसूचक बढेको छ। यता वित्त, होटल तथा पर्यटन, लघुवित्त निर्जीवन बिमा र म्युचुअल फण्ड लगायत उपसमूहको परिसूचक घटेका छन्।

सोमबवार कारोबारमा गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ। त्यस्तै, राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सनको शेयर मूल्य साढे ९ प्रतिशत बढेको छ भने बोटलर्स नेपालको शेयर मूल्य ८ प्रतिशत बढेको छ।

कारोबारमा आएको विन नेपाल लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य १० प्रतिशत घटेको छ। हिमालयन लाइफ इन्स्योरेन्स कम्पनीको ८९ करोड ३५ लाख रुपैयाँ बराबरको शेयर खरिदबिक्री भएको छ। नेपाल पुनर्बिमा कम्पनीको साढे ८० करोडभन्दा बढीको शेयर कारोबार भएको छ।


## Madhyabindu Municipality
## Office of Municipal Executive

Madhyabindu-7, Chormara, Nawalparasi (East of BardghatSusta)

Gandaki Province, Nepal

## Invitation for Bid

First Date of publication: 2025-1-03

Second Date of publication: 2025-2-07

Third Date of publication: 2025-2-25

1. Madhyabindu Municipality has own resources and Sadak Board Nepal has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification no | Description of work | Procurement Type | Estimate Amount(With VAT& PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for Bid documents/ bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and |
|---|---|---|---|---|---|---|---|---|
| 06/NCB/ MB/ WORKS /2081/82 | Kusunde krishisadak (Chauparikhanda), Arunkholabhupu chowk dekhi madhyabindu 12 janesadak,bhirkhet andibhitrimul sadak | NCB-WORKS | 71,33,525.09 | 3000/- | 190,000.00 | 90 days/ 120 days after bid opening | 2025-03-12 12.00 | 2025-03-12 14.00 |

Chief Administrative Officer

# खाद्य तथा दानासम्बन्धी अन्तर्क्रिया कार्यक्रम



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा खाद्य तथा दानासम्बन्धी नयाँ ऐन नियम मापदण्डबारे सरोकारवालहरुसँग अन्तरक्रिया कार्यक्रम गरिएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवा रुपन्देहीको आयोजनामा जिल्लाका व्यवसय तथा सरोकारवाहरुसँग खाद्य तथा दानासम्बन्धी नयाँ ऐन नियम मापदण्ड अन्तर्क्रिया कार्यक्रम गरेको हो । कार्यक्रममा व्यवसायीहरुलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ जारी गरी कार्यान्वयनमा ल्याएको विषयबारे सचेत गराइएको छ ।

सरकारले मानव स्वास्थ्यमा असर गर्ने खालका वस्तुको उत्पादन वा बिक्री वितरण गरेमा पाँच वर्ष कैद वा पाँच लाख रुपियाँसम्म जरिबाना गर्ने गरी कानुन संशोधन गरी कार्यान्वयनमा ल्याएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवा रुपन्देहीका खाद्य अनुसान्धान अधिकृत श्रवणकुमार ढुङ्गनाले संशोधित ऐनमा गुणस्तरहीन खाद्यवस्तुको उत्पादन, प्रशोधन, निकासी, पैठारी, ढुवानी वा बिक्री वितरण गरेमा वा राखेमा अधिकतम पाँच लाख जरिबानासहित पाँच वर्षसम्म कैद वा दुवै सजाय गर्ने व्यवस्था गरिएको जानकारी गराएका थिए ।

अनुमतिपत्र नलिई खाद्य व्यवसाय सञ्चालन गरेमा, पैठारी गर्नुअघि स्वीकृत वा प्रवेश अनुमति नलिई खाद्य पदार्थ पैठारी गरेमा, दूषित खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरण गरेमा पनि कारबाही हुने ढुङ्गनाले बताए । खाद्य अनुमतिपत्र लिदा पहिला एक वर्षको हुने गरेको, तर खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ मा खाद्य अनुमतीपत्रमा पाँच बर्षको सशोधन भएर आएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका कार्यालय प्रमुख अनुप हलवाईले जानकारी दिए । कार्यक्रमा व्यवसयीहरुले सरकारले कालो बजारी शब्द हटाउन माग गरेका छन् । अनुगमन गर्दा व्यवहारिक बाटो पनि हेरी दिनुपर्नेमा व्यवसायीहरुको जोड थियो । व्यवासयीहहरुले महेशपुर भन्सार नाकाबाट खाद्य पदार्थको सामान ल्याउँदा क्वारेन्टाइन चेक नहुँदा यहाँ व्यवासयीहरु मर्कामा परेको बताएका छन् कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख भगौतीप्रसाद यादव घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख पुरुषोत्तम पौडेल, नवलपरासी उद्योग वाणिज्य संघका अध्यक्ष ओमप्रकाश अग्रहरि, संघका वाणिज्य उपाध्यक्ष राजेश गुप्ता, उद्योग उपाध्यक्ष गिरीराज पाण्डेयलगायतले आ-आफ्ना धारण राखेका थिए ।

---

**एक्स्ट्राटेकमा...**

स्टेडियममा खेल सञ्चालनका साथै आवासीय सुविधासहित एकेडेमी सञ्चालन गरेर क्रिकेट खेलाडी उत्पादन गर्ने लक्ष्य विनोदको रहेको छ। एकेडेमी सञ्चालनमा आएपछि स्थानीय युवा खेलाडीहरूलाई प्रोत्साहन मिल्ने उनले बताए । मैदानमा हालसम्म करिब ५० प्रतिशत लगानी भइसकेको उनले बताए। निर्माणकै क्रममा डिजिटल बोर्ड राख्ने, भीआइपी बिल्डिङको संरचनालाई थप फिचर बढाउने जस्ता योजनाका कारण लगानी थप हुनसक्ने उनले बताए।

अहिले पनि यहाँ सामान्य खेलहरू नियमित भइरहेको स्टेडियमका निर्देशक कुँवरले बताए । मैदान पूर्णरूपमा तयार हुन अझैं डेढ वर्ष लाग्ने उनको भनाइ छ। मैदान व्यवस्थापनमा अटोमेसनको काम पूरा नहुँदा अहिले म्यानुअल नै काम भइरहेको छ। स्पिन बलरलाई फाइदा मिल्ने गरी पिच तयार गरिएको उनको दाबी छ।

भारतीय केही क्लबका स्तरीय टिम पनि स्टेडियममा आएर खेल्ने गरेका छन् । मुख्य मैदान नजिकै अभ्यास मैदान निर्माणको काम पनि भइरहेको छ। अभ्यासका लागि ६ वटा पिच बन्दैछन्। जसमा दुई वटा पिच सिमेन्ट र चार वटा माटो हुनेछन्। पिच निर्माणको काम पनि अन्तिम चरणमा पुगेको उनले बताए।

**बुटवलमा...**

प्रतियोगितामा सातै प्रदेशका प्रमुख शहरबाट ३ सय बढी खेलाडी सहभागी हुने अपेक्षा रहेको आयोजक क्लबका अध्यक्ष पंकज ज्ञवालीले बताए । २० हजार बढी दर्शक सहभागी हुने प्रतियोगिता सम्पन्न गर्न २६ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ।

प्रतियोगितामा तीन विभागीय टिमसहित राष्ट्रिय ऱ्याङकिङ खेलाडीहरुले प्रतिस्पर्धा गर्ने क्लबका सचिव भानु केसीले बताए।

क्लबले यसअघि क्षेत्रियस्तरको ५ पटक, राष्ट्रियस्तरको २ पटक, अन्तरविद्यालय प्रतियोगिता ३ पटक र मुख्यमन्त्री कप ब्याडमिन्टन प्रतियोगिता गरेको छ।

दोस्रो संस्करणमा मेन्सतर्फ प्रिन्स दाहाल र वुमन्सतर्फ रसिला महर्जन विजेता रहेका सचिव भानु केसीले बताए।

---

**कावासोती नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**गण्डकी प्रदेश, नेपाल**

**२०७३**

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति २०८१/११/१३**

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क. समेत) | कैफियत |
|---|---|---|---|---|
| 19/KM/NCB /2081/82 | Construction of Culvert at ward 14 and Simana of ward 12 and 13 | रोज डेभलपर प्रा.लि टोखा-२ काठमान्डौं | २६,८३,५४१.३७ | |
| 20/KM/NCB /2081/82 | Drilling and Installing 250 mm/200 mm diameter Deep Tubewell by Rig machine using direct rotary/Percussion method of drilling - 135 m Deep | गण्डकी नेशनल इन्जिनियरीङ्ग सोलुसन प्रा.लि | 30,88,870.45 | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**पाणिनी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

दुर्गाफाँट, अर्घाखाँची
लुम्बिनी प्रदेश नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि शिलबन्दी बोलपत्र आव्हानको सूचना।

तेस्रो पटक प्रकाशन मितिः २०८१/११/१३ गते

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६४ १(च) मा भएको व्यवस्था, नेपाल सरकारको ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा पाणिनी गाउँपालिकाको स्वीकृत सार्वजनिक खरीद नियमावली, २०७७ बमोजिम पाणिनी गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने (स्वीकृत खानी क्षेत्र बाहेक) तपशिलमा उल्लेखित खोला/नदी/खहरेहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेश सरकार, लुम्बिनी प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नको लागि पाणिनी गाँउ कार्यपालिकाको मिति २०८१/११/१२ गते निर्णय भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र.सं | सूचना नं. | विवरण | उत्खनन् परिमाण (वार्षिक) घन. मि. | न्यूनतम बोलपत्र रकम रु. (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र जमानत (धरौटी रकम) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | PRM/A/ 02-081/082 | पाणिनी-८ स्थित बाँगी खोलाका विभिन्न बगर क्षेत्र | २०१३.३ | ४,९०,९००/- | कबोल अंकको ५ % ले हुने रकम | १,०००/- |

**ठेक्का सम्बन्धी शर्तहरुः**

१- बोलपत्र फारम दस्तुर बापत यस कार्यालयको राजस्व शाखाबाट माथि उल्लिखित रकम फिर्ता नहुने गरी प्रत्येक सूचनाको लागि छुट्टाछुट्टै खरीद गर्न सकिनेछ साथै नगद जम्मा गरेको नगद रसिद साथ निवेदन पेश गरी लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट शिलबन्दी बोलपत्र/दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२- बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। कबोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइ.एम.ई. बैंक पोखराथोक शाखामा रहेको ग.३.१ पाणिनी गाउँपालिका धरौटी खाता नं. २१५०४०१००००००९ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड शिलबन्दी खामसाथ पेश गर्नुपर्नेछ।

३- खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएको सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२ बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ।

४- एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १: ०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

५- विस्तृत जानकारी कार्यालयको सूचना पाटी, कार्यालयको वेवसाइट www.paninimun.gov.np तथा कार्यालयको राजस्व शाखाबाट प्राप्त गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Government of Nepal**
**Ministry of Finance**

## Inland Revenue Office

**Bhairahawa, Rupandehi**

## INVITATION FOR BIDS (IFB)

DATE OF PUBLICATION: 2081-11- 13 BS (February25, 2024AD)

Inland Revenue Office, Bhairahawa, Rupandehi invites electronic bids for construction of following works under NCB procedures. All other information and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp (Inland Revenue Office, Bhairahawa). All eligible bidders are requested to submit bid with the requested documents within mentioned period.

| S. N. | Contract ID No/Bid No | Description of Works | Estimated Amount (Without VAT & Contingencies) (NRs) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|
| 1 | IRD/IRO Rupandehi /NCB/Works/ 02-081/82 | Construction of Staff Quarter in Inland Revenue Office, Bhairahawa | 85,09,999.54 | 2,50,000.00 | 3,000.00 | 2025-03-27 (2081-12-14) 12:00 Hours |

Chief Tax Officer

---

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

---

**कावासोती नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

## कार्यालय सामाग्री तथा मशलन्द सरसफाइका सामान खरिद गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः–२०८१।११।१३**

कावासोती नगरपालिकाले चालु आर्थिक वर्षको लागि कार्यालय सामग्री तथा मशलन्द सरसफाइका सामान खरिद गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक कम्पनी वा फर्महरुबाट प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ। यस विषयमा विस्तृत जानकारी यस कार्यालयको वेबसाईट www.kawasotimun.gov.np मार्फत लिन सकिने छ। सो सम्बन्धी थप बुझ्नु परेमा नगरपालिकाको खरिद ईकाईमा सम्पर्क गर्न सकिनेछ।

| क्र.सं. | विवरण | दरभाउपत्र खरिद दरभाउ पत्ररकम रु | दरभाउ पत्र जमानत रकम रु | विड बण्ड मान्य हुने अवधी | दरभाउपत्र खरिदको अन्तिम मिति र समय | शिलबन्दी बुझाउने अन्तिम मिति र समय | शिलबन्दी खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय सामाग्री तथा मशलन्द सरसफाइका सामान खरिद | १०००/- | ४४८७१/- | ९० दिन | २०८१/११/२७ कार्यालय समयभित्र | २०८१/११/२८ गते दिनको १२ बजेभित्र | २०८१/११/२८ गतेदिनको २ बजे भित्र |

नोटः दरभाउपत्र खरिदको लागि यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैक कावासोती शाखा रहेको आन्तरिक राजश्व खाता नं. ३२००१००३०१०१०००३ मा बुझाएको भौचर वा कार्यालयको राजश्व शाखामा बुझाएको सक्कल रसिद/लगायत निवेदन र कागजपत्रहरु सहित आउनु पर्ने छ र शिलबन्दी जमानत रकमको लागि राष्ट्रिय बाणिज्य बैक शाखा कावासोतीमा रहेको धरौटी खाता नं. ३२००१००३०३००००००३ मा जम्मा गर्नु पर्ने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# बुटवलमा राष्ट्रियस्तरको स्नूकर प्रतियोगिता सुरु



बुटवल।बुटवलमा सर्वाधिक पुरस्कार राशीको प्रथम अल नेपाल बुटवल मेयर कप ओपन स्नुकर च्याम्पियनसीप प्रतियोगिता सोमबारदेखि सुरु भएको छ।

प्रतियोगिताको सोमबार एक कार्यक्रमकाबिच बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले उद्घाटन गरेका हुन्।

नगर प्रमुख पाण्डेयले बुटवललाई शिक्षा,स्वास्थ्य र खेलकुदको हबको रूपमा विकास गर्ने उद्देश्यले बुटवल उप-महानगरपालिकाले खेलकुदको क्षेत्रमा करोडौं रकम लगानी गरेको बताए। राष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन हुँदा देशभरबाट युवाहरूको सहभागिता हुने भएकोले खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने पाण्डेयले विस्वास व्यक्त गरे।

खेलकुदमा लगानी गर्नु युवाहरूमा लगानी गर्नु हो भन्दै उनले खेलकुद प्रतियोगिताको माध्यमबाट युवाहरूको मनोभावना बुझ्न सकिने उल्लेख गरे।

नेपाल विलियर्डस स्नुकर तथा पुल संघका केन्द्रीय अध्यक्ष सरोजकुमार मुल्मीले नेपालको स्नुकर खेलको इतिहासमै बुटवलको प्रतियोगिता सर्वाधिक पुरस्कार राशिको भएकाले उल्लेख गर्दै यसले स्नुकर खेलको उचाई थप माथि पुऱ्याउने बताए।

बिगतमा राजधानी काठमाडौंमा मात्रै हुँदै आएको राष्ट्रियस्तरको प्रतियोगिता पछिल्लो समय बुटवललगायतका ठाउँमा पनि हुन थालेको भन्दै उनले यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा महत्त्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरे।

यस खेलमा महिला खेलाडीहरूलाई पनि सहभागी गराउन जरुरी रहेको बताउँदै उनले त्यसका लागि महिलाहरूलाई पहिले तालिमको व्यवस्था गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले बिगतमा यो खेललाई समाज र प्रहरी प्रशासनले राम्रो नजरले नहेर्ने गरेको स्मरण गर्दै पछिल्लो समय यो खेल प्रति सकारात्मक धारणाको विकास भएको बताए।

नेपाल बिलियर्डस स्नुकर तथा पुल संघ रूपन्देहीका अध्यक्ष सुजन पुनले रुपन्देही स्नुकर खेलको उर्वरभूमि भएकाले यहां राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा खेलाडीको प्रोत्साहन हुने बताए। उनले नेपालकै सर्वोत्कृष्ट स्नूकर खेलाडी रेगन श्रेष्ठले हालै मात्र बुटवलका श्रीलंकामा सम्पन्न सागस्तरीय प्रतियोगितामा नेपाललाई पहिलो पदक दिलाउन सफल भएको स्मरण गर्दै प्रतियोगिताका अवसरमा उनलाई सम्मान गरिने बताए।

कार्यक्रममा संघका प्रथम उपाध्यक्ष बासु प्रधान, महासचिव प्रकाश क्षेत्रीलगायतले सर्वाधिक राशीको प्रतियोगिता बुटवलमा आयोजना हुनु प्रदेशकै गौरवको विषय भएको जनाए।

नेपाल बिलियर्डस् स्नुकर एण्ड पुल एशोसियसन रुपन्देही र खस्यौली स्नुकर क्लबको आयोजनामा सञ्चालित प्रतियोगितामा देशका प्रमुख शहरबाट १२८ जना खेलाडीले प्रतिस्पर्धा गर्दैछन्।

फागुन २१ गतेसम्म चल्ने प्रतियोगिताको विजेता खेलाडीले ३ लाख ३ हजार, उप-विजेताले १ लाख १ हजार रुपैयाँ र हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने अध्यक्ष पुनले बताए। सेमिफाइनलमा पुग्ने खेलाडीहरुलाई नगद ३०-३० हजार रुपैयाँ, राईजिङ स्टार र अनुशासित खेलाडीलाई स्नुकर स्टिकबाट पुरस्कृत गरिने खेल संयोजक शिशिर गुरुङले बताए।

स्नुकरमा हालसम्मकै सर्वाधिक पुरस्कार राशीको यो प्रतियोगिताले बुटवलको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने आयोजकको विश्वास छ।

# प्यूठानमा नसर्ने रोग पहिचानसम्बन्धी कार्यक्रम

**राधिका भुसाल**

*प्यूठान।*

प्यूठानमा नसर्ने रोग पहिचान तथा नियन्त्रणसम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ। "समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दिर्घ जीवन बाँचौ" भन्ने नाराका साथ प्यूठान नगरपालिका बिजुवारको सभाहलमा उक्त कार्यक्रम भएको हो।

नेपाल सरकारले यहि फागुन महिनाभर नसर्ने रोगको पहिचानका लागि एक महिने अभियान सञ्चालन गरेको छ। सोही अभियानअन्तरगत प्यूठानका सबै स्थानीय तहहरुमा सचेतना मूलक कार्यक्रम भइरहेको छ। दैनिक बढ्दै गएका नसर्ने रोग न्यूनीकरण कसरी गर्न सकिन्छ भन्ने कुरा पहिचान गर्न अभियान सञ्चालन गरेको स्वास्थ्य कार्यालयले जनाएको छ।

स्वास्थ्य कार्यालय प्यूठानका जनस्वास्थ्य निरीक्षक राजु खड्का नसर्ने रोगको कारण र नियन्त्रणसम्बन्धी प्रस्तुतिकरण दिएका थिए। अधिकाशं मानिसहरु नसर्ने रोगका कारण मृत्यु हुने गरेको नेपालमा ७१ प्रतिशत मानिसहरु नसर्ने रोगबाट मृत्यु हुने गरेको तथ्य रहेको खड्काले बताए। 'नेपालमा एकतिहाइ मानिस नसर्ने रोगबाट मृत्यु हुने गरेको छ,' खड्काले भने-'नसर्ने रोगको समयमै पहिचान गरेर उपचार गर्नेपर्ने हुन्छ।'

नसर्ने रोग सुस्त गतिमा बढ्ने हुँदा समयमै नियन्त्रण नगरेमा जीवनभर औषधि सेवन गर्नुपर्ने र अकालमै ज्यान गुमानु पर्ने हुन्छ। नसर्ने रोगको मुख्य कारण अव्यवस्थित जीवनशैली, खानपान, वंशाणुगतलगायतले गर्दा दैनिक रुपमा नसर्ने रोगका सिकार बन्दै गएको हो। मुटु तथा रक्तनली, श्वासप्रश्वास, क्यान्सर, चोटपटक, मधुमेह, मानसिक स्वास्थ्य समस्या, मृगौला खराबीको मुख्य रुपमा देखिएको खड्काले जानकारी दिए।

कार्यक्रममा प्यूठान नगरपालिकाका नि.प्रमुख एवं कार्यक्रमका अध्यक्ष गोविन्द घिमिरेले प्यूठान नगरपालिकामा प्रत्येक वर्ष करिब ६० जना बिरामीले नसर्ने रोग उपचारका सिफारिस बनाउन आउने गरेको बताए। स्वास्थ्य कार्यालय प्यूठानको आयोजनामा भएको कार्यक्रममा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो।

# युवाबौद्ध समूहको टोलीद्वारा लुम्बिनी भ्रमण



लुम्बिनी। बुद्धजन्मस्थल लुम्बिनीमा पछिल्लो समय धार्मिक तीर्थयात्रीहरुको आवागमनमा वृद्धि भएको छ। लुम्बिनी विकास कोषकाअनुसार बौद्ध धर्ममा उल्लेख गरिएको चारधाम लुम्बिनीसहित भारतको बोधगया, शारनाथ, कुशिनगरको भ्रमण गर्ने तीर्थयात्रुहरु बढ्न थालेका हुन्।

आइतबार भारतका तीन धामको भ्रमण गरी युवा बौद्ध समूहको टोलीले लुम्बिनी भ्रमण गरेका छन्। मिना गुरुमासहित युवा बौद्ध समूहको ४५ जनाको टोलीले भारतका तीन धामको भ्रमण गरी लुम्बिनी आइपुगेको हो।

लुम्बिनी आएको उक्त टोलीलाई लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले स्वागत गरे। युवा बौद्ध समूहले पटनामा बुद्धस्मृति पार्क निर्माण गरी त्यहाँ स्तुपा समेत निर्माण गरेको छ। स्तुपाको प्रतिस्थापन गरिएको समूहका सदस्य राजा शाक्यले बताए।

टोलीले लुम्बिनीसहित तिलौराकोट, रामग्राम समेत भ्रमण गरेको छ। भगवान बुद्धको जन्म लुम्बिनीमा भएको हो। भारतस्थित बोधगयामा ज्ञान, शारनाथमा पहिलो उपदेश दिएको र कुशिनगरमा महापरिनिर्वाण भएको थियो।

बौद्धधर्मग्रन्थमा यी चारधामको भ्रमणले पुण्डय प्राप्त हुने विश्वास गरिन्छ।

चारमध्ये तीन धाम भारतमा भएकाले अधिकांश बौद्ध तीर्थयात्रीहरुले जन्मस्थल लुम्बिनीको भ्रमण नगर्ने भए पनि पछिल्लो समय यहाँ आउने तीर्थयात्रीहरु वृद्धि भएका हुन्।


## जैविक विविधताको संरक्षण गरौं

- वन जंगलको संरक्षण र वृक्षारोपणका कार्यक्रम संचालन गरौं।
- जलाधार क्षेत्र र सिमसार क्षेत्रको संरक्षणमा जुटौं।
- दुर्लभ वनस्पति तथा पशुपंक्षीको अवैध सिकार र तस्कारी विरुद्ध आवाज उठाऔं।
- वातावरणीय सन्तुलन कायम हुने गरी विकासको कार्यक्रम संचालन गरौं।
-परम्परागत कृषि बाली र पशु नश्लको संरक्षण गरौं।

जैविक विविधताको संरक्षण बारेमा जनचेतना जगाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७५५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०


## Bardaghat Municipality
## Office of the Municipal Executive
**Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal**

## INVITATION FOR BIDS (EBIDDING ONLY)

(Publication Date: 2025/02/25)

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following work.

| S.N | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/NCB/ Works /26/081/082 (Re-Invitation for second time) | Procurementof Construction Works of Suntadi to Bijayapur Road at border of Ward 9 and 11of Bardaghat Municipality and Suryanagar Chowk to Dharmabasti Road Ward No. 16 | 90/ 120 days | 17,16,398.80 | 50,000 | 3000 |
| 2 | BAR/NCB/ Works/37/ 081/082 | Buddhamangal Taal Parya-takiya Samrachana Nirman, Ward-12 | 90/ 120 days | 10,40,231.32 | 30,000 | 3000 |

| Account No. for bid document purchase fee: | Account No. for bid security deposit: |
|---|---|
| Name of Bank: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality, Bardaghat<br>Account Number (AntarikRajaswo): 0832050028211002<br>Office Code Number: 14229 | Name of Bank: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality, Bardaghat<br>Account Number (Dharauti Khata): 8341498482524004 |
| Deadline of bid submission<br>2025/03/27 till 12:00 Noon | Date and time of bid opening<br>2025/03/27 at 1:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407

Chief Administrative Officer

## Dhurkot Rural Municipality
## Office of the Rural Municipal Executive
**Barbot, Gulmi**
**Lumbini, Province, Nepal**

## Invitation for Sealed Quotation

First Date of publication: 2025-02-25

1. Dhurkot Rural Municipality Barbot, Gulmi invitation online bids (SQ) through e-procurement system bidders for the Procurement Of :

| S.N | Contract Identification Number | Works of description | Bid Security amount Nrs | Estimated amount with VAT | Bid Security Validity Period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | ODRM-Gulmi-W-SQ-34-081 /82 | Construction work of Janayudha Park at Dhurkot Rural Municipality-04, Barbot Gulmi | 50,000 | 19,41,417.86 | 75 days | 1,000 |
| 2 | ODRM-Gulmi-G-SQ-35-081/82 | Supply and Fabrication of Steel Parts of Okhaldhunga Ghotghote Suspended Bridge at Dhurkot Rural Municipality,-07, Wagla Gulmi | 20,000 | 7,23,194.93 | 75 days | 1,000 |

2. Date of purchasing, submission and opening of above mentioned bid is :

| Last date of submission of bid | Date of opening of bid | Bank account for Purchasing of bid document (DhurkotGa.Pa. Ga. 1.1 Antarik Rajaswo Khata ) | Deposit cash for bid security (DhurkotGa.Pa. Ga. 3.1 Sthaniya Taha Dharauti Khata) |
|---|---|---|---|
| 2025-03-12, 12:00 PM | 2025-03-12, 13:00 PM | Laxmi Sunrise Bank Ltd, Barbot Gulmi 0910501307703007 | Laxmi Sunrise Bank Ltd, Barbot Gulmi 0910501307701002 |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further infoat the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np.
5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on9857067917,9843589271,9867712399.

Chief Administrative Officer

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com